**शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को मुख्य मुख्य कृषि कार्यक्रमको उपलब्धिहरुः**

**१. ब्यवसायिक केरा खेती विस्तारः**

शहिद लखन गाउँपालिकाको वडा नं. ३, ६, र ९ मा ब्यवसायिक केरा खेती बढ्दो रहेको छ। १० हेक्टर क्षेत्रफलमा ब्यावसायिक केरा खेती विस्तार भई १५० जना कृषक प्रत्यक्ष रुपमा लाभान्वित छन्।





## २. ब्यावसायिक माछा पालन विस्तारः

शहिद लखन गाउँपालिकाको वडा नं. १, ३, ४ र ८ मा ब्यावसायिक माछा पालन क्षेत्र विस्तार भएको छ। यस वर्ष १ हेक्टर तथा गत वर्षको १० हेक्टर गरी ११ हेक्टर क्षेत्रफलमा माछापालन विस्तार भइ प्रत्यक्षरुपमा ७५ कृषक लाभान्वित भएका छन्।





**३. धान जिज तथा मकै विज वृद्धिः**

शहिद लखन गाउँपालिका वडा नं. ३ मा रहेको श्री जलदेवी विज वृद्धि कृषक समूहले रामपुर कम्पोजिट मकै तथा सावित्री धानको मूल विउ १० हेक्टर क्षेत्रमा विस्तार गरेको छ। जसले गर्दा यस क्षेत्रलाई विउको माग पूरा गरि बाहिर पठाउन सकिनेछ।





### ४. ब्यावसायिक तरकारी खेतीः

शहिद लखन गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ६ मा ब्यावसायिक तरकारी खेतीको क्षेत्र विस्तार भएको छ। गाउँपालिकाको ५ वडा वडामा १२ हेक्टर क्षेत्रफलमा तरकारी खेती विस्तार गरिएको छ।





## ५. माटो परीक्षण तथा चुन ढुवानीः

गाउँपालिकाको वडा नं. १ देखि ९ सम्मका ४५३ जना कृषकले आफ्नो खेत बारीको माटो परिक्षण गरी १० टन कृषि चुनको प्रयोग भएको छ। जसले गर्दा हाल भईरहेको उत्पादनमा ०.१-०.५ टन प्रति हेक्टर सम्म उत्पादन वृद्धि भएको छ।




